# सप्तरी जिल्ला अदालत

राजविराज

☎ ०३१-५२१५९९

टोल फ्री नं. १६६०३१५२००५

Email: info.dcsaptari@supremecourt.gov.np


## सेवा प्रवाह (संचालन) सम्बन्धी

## सूचना । सूचना ।। सूचना ।।।

प्रकाशित मितिः २०७७/६/४/१

नेपाल सरकार (मन्त्रीपरिषद) को निर्णय अनुसार मिति २०७७/६/१ देखि सार्वजनिक यातायातसमेत संचालनमा आएको र देश भर कायम रहेको बन्दाबन्दीसमेत हटेको अवस्था हुँदा सर्वोच्च अदालतको मिति २०७७/२/१५ गतेको फैसला (आदेश) को अधिनमा रही यस अदालतमा दायर भएका मुद्दाका पक्षहरुको तारेख मिलान गर्ने तथा नयाँ मुद्दा दर्ता लगायतका काम कारवाही सुचारु गरी सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने सन्दर्भमा यस अदालतका माननीय न्यायाधीशहरु, स्रेस्तेदार, जिल्ला न्यायाधिवक्ता र जिल्ला तथा उच्च बार एशोसिएसनका पदाधिकारीसमेत बीच मिति २०७७/६/२ मा भएको छलफलबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७७/६/४/१

(कुमार मास्के)
स्रेस्तेदार (उप सचिव)

तपसिल

१. मिति २०७६।६।१ देखि नै सार्वजनिक यातायात खुलेको भए तापनि यस अदालतको आन्तरिक व्यवस्थापनलाई मध्यनजर राखी मुद्दा तथा फैसला कार्यान्वयन (तहसिल) तर्फका मुद्दाका पक्षहरुको लागि तारिख मिलान वा सेवा प्रवाहमा उपस्थित हुन निम्न बमोजिमको व्यवस्था मिलाइएको हुँदा मिति २०७७/६/५ गते सोमबारदेखि ३० (तीस) दिन भित्र तारेख पर्चा वा मुद्दासँग सम्बन्धित निस्सा प्रमाणसाथ हाजिर भई आ-आफ्नो तारिख मिलान गर्ने ।

- *मिति २०७६/१२/९,१०,११ र १२ गते तारिख भएका पक्षहरु मिति २०७७/६/५ गते सोमबार*
- *मिति २०७६/१२/१३ र १४ गते तारिख भएका पक्षहरु मिति २०७७/६/६ गते मंगलबार*
- *मिति २०७६/१२/१६ र १७ गते तारिख भएका पक्षहरु मिति २०७७/६/७ गते बुधबार*
- *मिति २०७६/१२/१८ र १९ गते तारिख भएका पक्षहरु मिति २०७७/६/८ गते बिहीबार*
- *मिति २०७६/१२/२० र २१ गते तारिख भएका पक्षहरु मिति २०७७/६/९ गते शुक्रबार*
- *मिति २०७६/१२/२३ र २४ गते तारिख भएका पक्षहरु मिति २०७७/६/११ गते आइतबार*
- *मिति २०७६/१२/२५ र २६ गते तारिख भएका पक्षहरु मिति २०७७/६/१२ गते सोमबार*
- *मिति २०७६/१२/२७ र २८ गते तारिख भएका पक्षहरु मिति २०७७/६/१३ गते मंगलबार*
- *मिति २०७६/१२/३० र २०७७/१/२ गते तारिख भएका पक्षहरु मिति २०७७/६/१४ गते बुधबार*

- *मिति २०७७/१/३ र ४ गते तारिख भएका पक्षहरु मिति २०७७/६/१५ गते बिहीबार*
- *मिति २०७७/१/५ र ७ गते तारिख भएका पक्षहरु मिति २०७७/६/१६ गते शुक्रबार*
- *मिति २०७७/१/८ र ९ गते तारिख भएका पक्षहरु मिति २०७७/६/१८ गते आइतबार*
- *मिति २०७७/१/१० र ११गते तारिख भएका पक्षहरु मिति २०७७/६/१९ गते सोमबार*
- *मिति २०७७/१/१२ र १४ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२० गते मंगलबार*
- *मिति २०७७/१/१५ र १६ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२१ गते बुधबार*
- *मिति २०७७/१/१७ र १८ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२२ गते बिहीबार*
- *मिति २०७७/१/२१ र २२ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२३ गते शुक्रबार*
- *मिति २०७७/१/२३ र २४ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२५ गते आइतबार*
- *मिति २०७७/१/२८ र २९ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२६ गते सोमबार*
- *मिति २०७७/१/३० र ३१ गते तारिख भएका पक्षहरु मिति २०७७/६/२७ गते मंगलबार*
- *मिति २०७७ जेठ १ गते पछिको तारिख भएका पक्षहरु मिति २०७७/६/२८ गते बुधबार*

२. माथि तोकिएका दिनमा दुबै पक्ष उपस्थित भएमा नियमानुसारको साधारण वा पेशी तारेख तोकिने र एक पक्ष मात्र उपस्थित भएमा निजलाई मुद्दाको अवस्था हेरी तारेख तोकि पठाउने र अर्को पक्ष मिलान भए पछि त्यस्तो मुद्दा नियमानुसार तारिख तोकी काम कारवाही शुरु गरिने ।

३. अंग पुगेका मुद्दाहरु (थुनुवा भएका मुद्दासमेत) मा मिति २०७७/६/११ गते देखि पेशी तोकी दर्ता मिति र प्राथमिकताका आधारमा सुनुवाईको व्यवस्था मिलाइने ।

४. नेपाल सरकावाट मिति ०७६/१२/११ गते देखि बन्दा बन्दीको अवस्था लागू गरिए पनि सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकले मिति २०७६।१२।९ गते देखि नै पेशी तारिख लगायतका काम बन्द गर्ने भनी निर्णय गरी परिपत्रसमेत गरेको हुँदा सो भन्दा अघिल्लो दिन मिति ०७६/१२/८ गतेसम्मको तारिख गुज्रेकोमा बन्दा बन्दीको समयलाई शुन्य समय मान्ने सर्वोच्च अदालत बृहत पूर्ण इजलासबाट फैसला भएको अवस्था हुँदा सोही व्यहोरा जनाई मिति २०७६।६।५ गते देखि वाटाका म्याद वाहेक ३० दिन भित्र तारिख थमाई पाउन अलग्गै निवेदनसाथ हाजिर हुन आए तारिख थमाई नियमानुसार गर्ने ।

५. फिराद पत्र, प्रतिउत्तर पत्र, अभियोग पत्र, पुनरावेदन पत्र, प्रतिउत्तर सरहको वयान गर्ने र अन्य निवेदन पत्र दायर गर्ने पक्षको हकमा म्याद वा हदम्याद गुज्रेको भएमा बन्दा बन्दीको समयलाई शून्य समय मानिएको कारण सोही व्यहोरा जनाई मिति २०७७/६/५ गतेदेखि ३० दिनभित्र दर्ता गर्न आएमा निजहरुको हकमा म्याद वा हदम्याद नगुज्रेको मानी सेवा प्रवाह गरिने।

६. मिति ०७७/६/५ गतेदेखि ३० दिन भित्र हाजिर हुनु पर्ने गरी सूचित गरिए पनि मिति ०७७/७/१ गते घटस्थापना भई दशै बिदा शुरु हुने र कोजाग्रत पूर्णिमाको भोलि पल्ट मात्र अदालत खुल्नेमा सो दिन १५ गते शनिबार पर्न गएकोले अनुपस्थित पक्षहरुले मिति ०७७/७/१६ गतेदेखि २० गतेभित्र अनिवार्यरुपमा उपस्थित भई तारिख मिलान गर्नु पर्नेछ । अन्यथा तारिख गुज्रेको मानिने छ ।

७. कानून व्यवसायी भएका मुद्दामा सम्भव भएसम्म पहिलो पटकको तारिख कानून व्यवसायीले लिई सहजीकरण गरी दिनु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

## अदालत प्रवेश सम्बन्धी विशेष व्यवस्था

- मुद्दाका पक्ष तथा कानून व्यवसायीहरुले तारिख वा अन्य काम कारवाहीका लागि उपस्थित हुँदा अनिवार्य रुपमा माक्स लगाउनु पर्नेछ।
- अदालतको मूल ढोकाबाट प्रवेश गर्ने वित्तिकै त्यहाँ रहेका अदालतका कर्मचारीबाट थर्मल गनमार्फत ज्वरो नाप्न लगाई साबुन पानीले हात धोई वा स्यानीटाइजर गरी गराई आवश्यक भौतिक दूरी कायम राखी आलोपालो गरी तारिख वा अन्य कामका लागि सम्बन्धित फाँटमा जानु पर्नेछ ।
- तारिख वा अन्य कुनै सेवा लिइसकेपछि अदालतको फूलबारी अगाडिको अलग्गै ढोका प्रयोग गरी बाहिर जानु पर्नेछ ।
- कोभिड-१९ को जोखिम तथा संक्रमणबाट सुरक्षित रहने तर्फ सरोकारवाला तथा कानून व्यवसायीहरु सबैले विशेष सजगता अपनाई सहयोग र सहजिकरण गरी दिनु होला ।

<u>पुनश्च :</u>

*अदालतबाट सेवा प्राप्त गर्ने सम्बन्धमा कुनै अस्पष्टता र दुविधा भएमा यस अदालतको टोल फ्री नं. १६६०३१५२००५ मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ ।*